# स्थानीय अनुकूलन कार्ययोजना (LAPA) तयारी सम्बन्धी आशयपत्र (Request for Proposal)

**प्रथम पटक प्रकाशित मिति: २०८३ असार १ गते**

## १. पृष्ठभूमि

मालिकार्जुन गाउँपालिका अन्तर्गतका वडाहरू जलवायु परिवर्तनका विविध प्रभावहरूबाट प्रभावित रहेका छन्। अनियमित वर्षा, खानेपानी तथा सिँचाइका स्रोतहरूमा कमी, कृषि उत्पादनमा गिरावट, भू–क्षय, डढेलो, खडेरी लगायतका जलवायुजन्य जोखिमहरू बढ्दै गएका छन्। स्थानीय समुदायको जलवायु उत्थानशीलता अभिवृद्धि, जोखिम न्यूनीकरण तथा दिगो जीविकोपार्जन सुनिश्चित गर्न वडा स्तरमा स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action - LAPA) तयार गर्नु आवश्यक देखिएको छ।
यसै सन्दर्भमा "नमुना जलवायु अनुकूलन कार्यक्रम" अन्तर्गत वडा स्तरीय स्थानीय अनुकूलन कार्ययोजना (LAPA) निर्माण कार्यका लागि योग्य परामर्शदाता संस्था, गैरसरकारी संस्था, अनुसन्धान संस्था वा विज्ञ समूहबाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न यो आशयपत्र आह्वान गरिएको छ।

## २. कार्यको उद्देश्य

सम्बन्धित वडाको जलवायु जोखिम, संवेदनशीलता, अनुकूलन क्षमता तथा स्थानीय प्राथमिकताहरूको विश्लेषण गरी नेपाल सरकारको LAPA निर्माण निर्देशिका अनुरूप वडा स्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयार गर्नु।

## ३. विशिष्ट उद्देश्यहरू

- वडा स्तरको जलवायु जोखिम तथा संवेदनशीलता मूल्याङ्कन गर्नु।
- प्राकृतिक स्रोत, जीविकोपार्जन, कृषि, पशुपालन तथा विपद् जोखिम सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गर्नु।
- सरोकारवालाहरूको सहभागितामा अनुकूलनका प्राथमिक कार्यहरू पहिचान गर्नु।
- वडा स्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयार गरी स्वीकृतिका लागि पेश गर्नु।
- जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका लागि कार्यान्वयनयोग्य कार्यक्रम तथा बजेट ढाँचा विकास गर्नु।

## ४. कार्यक्षेत्र (Scope of Work)

परामर्शदाता/संस्थाले निम्न कार्यहरू सम्पन्न गर्नुपर्नेछः

क) प्रारम्भिक तयारी

- सम्बन्धित नीति, निर्देशिका तथा उपलब्ध तथ्याङ्कहरूको अध्ययन।
- कार्ययोजना तथा कार्यतालिका तयार गरी गाउँपालिकासँग सहमति गर्नु।

ख) तथ्याङ्क संकलन तथा विश्लेषण

- वडा स्तरको सामाजिक, आर्थिक तथा वातावरणीय अवस्था विश्लेषण।
- जलवायु परिवर्तनका असर, जोखिम तथा संवेदनशीलता अध्ययन।
- समुदाय, महिला, किसान समूह तथा अन्य सरोकारवालासँग परामर्श।

ग) सहभागितामूलक योजना निर्माण

- वडा स्तरीय परामर्श गोष्ठी सञ्चालन।
- जोखिम नक्साङ्कन तथा स्रोत नक्साङ्कन।
- प्राथमिक अनुकूलन कार्यक्रम पहिचान तथा प्राथमिकीकरण।

घ) मस्यौदा तथा अन्तिम प्रतिवेदन तयारी

- मस्यौदा LAPA प्रतिवेदन तयार गर्नु।
- सरोकारवालाबाट प्राप्त सुझाव समावेश गर्नु।
- अन्तिम LAPA दस्तावेज नेपाली भाषामा तयार गरी पेश गर्नु।

ङ) प्रस्तुतीकरण तथा स्वीकृति

- गाउँपालिका तथा वडा कार्यालयमा प्रतिवेदन प्रस्तुतीकरण।
- आवश्यक संशोधन पश्चात अन्तिम प्रतिवेदन बुझाउनु।

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**५. अपेक्षित उपलब्धिहरू**
परामर्शदाताले निम्न उपलब्धिहरू सुनिश्चित गर्नुपर्नेछः
- वडा स्तरीय जलवायु जोखिम तथा संवेदनशीलता विश्लेषण प्रतिवेदन।
- सहभागितामूलक परामर्श तथा छलफलको अभिलेख।
- प्राथमिकीकृत अनुकूलन कार्यक्रमहरूको सूची।
- लागतसहितको कार्यान्वयन योजना।
- गाउँपालिकाको आवश्यकता अनुसार वडा स्तर अनुरूप स्थानीय अनुकूलन कार्ययोजना (LAPA) दस्तावेज।

**६. कार्य सम्पन्न गर्ने अवधि**
यो कार्य २०८३ साल असार १० गतेदेखि २०८३ साल असार २४ गतेसम्म सम्पन्न गर्नुपर्नेछ।

**७. परामर्शदाता/संस्थाको योग्यता**
- वातावरण, जलवायु परिवर्तन, प्राकृतिक स्रोत व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण वा सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव।
- LAPA, CAPA, LDCRP, VCA वा समान प्रकृतिका योजना निर्माणमा अनुभव।
- वातावरण, वन, कृषि, जलवायु परिवर्तन वा सामाजिक विकास क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध भएको।
- कानुन बमोजिम दर्ता तथा नवीकरण भएको संस्था।

**८. प्रस्तावमा समावेश गर्नुपर्ने विवरण**
क) प्राविधिक प्रस्ताव
- संस्थागत परिचय
- कार्यसम्पादन विधि तथा कार्ययोजना
- प्रस्तावित विज्ञ टोलीको विवरण
- सम्बन्धित अनुभव तथा सम्पन्न कार्यहरूको विवरण
- कार्यतालिका

ख) आर्थिक प्रस्ताव
- विस्तृत लागत अनुमान
- कर तथा अन्य खर्चहरूको विवरण

**९. मूल्याङ्कनका आधारहरू**
- संस्थाको अनुभव र क्षमता – ३० अंक
- कार्यविधि तथा कार्ययोजना – ४० अंक
- विज्ञ टोलीको योग्यता – २० अंक
- आर्थिक प्रस्ताव – १० अंक

**१०. प्रस्ताव पेश गर्ने अन्तिम मिति**
इच्छुक संस्था वा परामर्शदाताले आवश्यक कागजातसहित सिलबन्दी माध्यमबाट २०८३ साल असार ७ गते कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुपर्नेछ।

**११. छनोट प्रक्रिया**
प्राप्त प्रस्तावहरूको मूल्याङ्कन सार्वजनिक खरिद ऐन, नियमावली तथा गाउँपालिकाको प्रचलित व्यवस्था बमोजिम गरिनेछ। गाउँपालिकाले कुनै वा सम्पूर्ण प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्नेछ।
थप जानकारीका लागि कृपया गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला।

**१२. सम्पर्क ठेगाना**
मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर , दार्चुला, सुदूरपश्चिम प्रदेश , नेपाल

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner